निर्वाचन आयोग, नेपाल
# जिल्ला निर्वाचन कार्यालय, म्याग्दी
फोन : ०६९-५२०५२६, ५२०५३२
Email :- deo.myagdi@election.gov.np

प.सं./च.नं. :- ०७८/०७९/२०

मितिः- २०७८।०५।१५

विषयः- सूचना पठाएको सम्बन्धमा।

श्री बेनी नगरपालिका. बेनी. म्याग्दी।
श्री धौलागिरी गाउँपालिका. मुना. म्याग्दी।
श्री रघुगंगा गाउँपालिका. मौवाफाँट. म्याग्दी।
श्री मालिका गाउँपालिका. दरवाङ. म्याग्दी।
श्री मंगला गाउँपालिका. बाबियाचौर. म्याग्दी।
श्री अन्नपूर्ण गाउँपालिका. पोखरेबगर. म्याग्दी।

प्रस्तुत विषयमा निर्वाचन आयोगको प.सं.च.नं.७१-0७७/७८ मिति २०७८।०५।१३ को पत्रानुसार नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) नामक राजनीतिक दलबाट छुट्टिई बनेको नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) नामक राजनीतिक दल र जनता समाजवादी पार्टी नेपाल नामक राजनीतिक दलबाट छुट्टिई बनेको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल नामक राजनीतिक दलमा प्रवेश गर्न चाहने नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) र जनता समाजवादी पार्टी नेपाल नामक राजनीतिक दलबाट निर्वाचित स्थानीय तहका सदस्यहरुलाई राजनीतिक दल सम्बन्धी ऐन, २०७३ (दोस्रो संशोधन अध्यादेश, २०७८) को दफा ३३ को उपदफा (२क) र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ (दोस्रो संशोधन) को उपनियम ५ को उपनियम (७क) बमोजिम नयाँ गठन भएको राजनीतिक दलमा प्रवेश गर्नको लागि दल गठन भएको मितिले २१ दिनभित्र (मिति २०७८।०५।०२ देखि मिति २०७८।०५।२२ सम्म) नयाँ गठन भएको दलमा समावेश हुन चाहेमा सनाखत गर्नु गराउनु हुन भनी लेखि आएको हुँदा यसैसाथ संलग्न सूचना तहाँ मार्फत प्रवाह गरी सनाखत गराउने कार्यमा सहयोग गरिदिनुहुन अनुरोध छ।

भीमप्रसाद घिमिरे
जिल्ला निर्वाचन अधिकारी

भीमप्रसाद घिमिरे
जिल्ला निर्वाचन अधिकारी